नार्क प्रकाशन सिरिएल नं. : ००२६२-०७६/२०१५/०१६

# माछामा लाग्ने आर्गुलोसिस रोगको रोकथाम तथा उपचारविधि



## आर्गुलोसिस भनेको कुन रोग हो ?

यो रोग आर्गुलस परजीवीद्वारा हुने र मुख्यतया पोखरीमा पालिएका माछाहरुमा लाग्ने संक्रमक रोग हो । यस परजीवीलाई माछाको जुम्रा पनि भनिन्छ ।

## आर्गुलस परजीवीको पहिचान कसरी गर्ने ?

फिका हरियो वा फिका खैरो रंगको हुन्छन । यसको शरीरको माथिल्लो तथा तल्लो भाग चेप्टो हुन्छ । यो बाह्यपरजीवी माछाको क्याकीं, टाउको, शरीर, पखेटा तथा पुच्छरमा टाँसिएको हुन्छन ।



## माछामा आर्गुलोसिस रोग भएको कसरी थाह पाउने ?

संक्रमित माछा शिथिल र कमजोर देखिन्छन् । आहारा प्रति अरुचीहुने र रोगी माछाको शारिरिक तौल घटदै जान्छ । रक्तअल्पताले माछाको शरीरको रंग फिका भै जताततै पिनको टुप्पा आकारका रगतका मसिना टिकाहरु देखिन्छ । माछाले पोखरीको डिलतिर शरीर घस्नन्छ र उफ्रिएर आफनो अंगबाट परजीवी हटाउन खोज्दछ । अत्यधिक संक्रमित माछाहरु असुन्तलित तरिकाले पौडिन्छन् र केही रोगी माछाहरु उत्तानो पल्टेको अवस्थामा समेत देख्ना सकिन्छ ।

## यो रोग कसरी सर्दछ ?

रोगी माछाहरु सोझै स्वस्थ माछाको सम्पर्कमा आएको अवस्थामा । संक्रमित पानी पोखरीमा प्रवाहित गरेको अवस्थामा यो रोग सर्ने सम्भावना अत्यधिक रहन्छ ।



## यो रोग कसरी लाग्दछ ?

- धैरै पुरानो पानी पोखरीमा रहेको र पानी फेर्ने सुविधा नभएको अवस्थामा ।
- माछाको घनत्व बढि भएमा ।
- माछाको शारीरिक तौल अनुसारको पर्याप्त संतुलित आहाराको कमी भएमा ।
- पोखरीको पानीमा घुलित अक्सिजनको मात्रा लामो समयसम्म कम भएको अवस्थामा ।

## यो रोग हुन नदिन के गर्नु पर्छ ?

पोखरी अनिवार्य रुपमा सुकाई, ५०० के.जी. चुना प्रति हेक्टर पोखरीमा राख्ने र पानीको उपयुक्त गुणस्तर (अक्सिजन, पी.एच. र अमोनियाको स्तर) कायम राख्नु पर्दछ । पोखरीमा पानीको प्रवेशद्वारमा जाली राखी जंगली तथा रोगी माछाहरुको आगमन रोक्नु पर्दछ । पोखरीमा माछा राख्नु अघि २-३% नुन पानीमा माछालाई विसंक्रमित गर्ने । बाँसको मुख्य भाग (खम्बा) पानीमा वारपार डुब्ने गरी ठाउ-ठाउँमा राख्ने र २-३ दिनमा उक्त खम्बा घाममा सुकाई त्यसमा टाँसिएका आर्गुलस का फुलहरु नष्ट गर्न सकिन्छ ।

## यो रोगको उपचार कसरी गरिन्छ ?

- संक्रमित माछालाई २-४% नुन पानीमा (२०-४० ग्राम नुन/लिटर पानी) १ मिनेटसम्म राख्ने ।
- ड्युरोक्लिन ०.३ ग्राम/के.जी. माछाको आहारामा मिसाई ३ दिन दिने तत्पश्चात १ दिन बिराई पुन: दुई दिन खुवाउँदा माछामा यस परजीवीको अत्यधिक संक्रमणलाई नियन्त्रण गर्न सकिन्छ ।


विस्तृत जानकारीको लागि

**मत्स्य अनुसन्धान महाशाखा**

गोदावरी, ललितपुर

फोन नं. ५१७४२६३, ५१७४१६०, ५१७४११५, फ्याक्स नं.: ९७७-१-५१७४११५

ईमेल: fisheriesresearch.division@yahoo.com